# शीतलहर पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना

## २०८२



नेपाल सरकार

गृह मन्त्रालय

**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**

सिंहदरबार, काठमाडौं

# शीतलहर पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२

## १. पृष्ठभूमि

नेपालका तराई मधेशका जिल्लाहरूमा मंसिरदेखि फागुनसम्म शीतलहरको प्रभाव पर्ने गरेको छ। कुनैकुनै वर्ष यस अवधिमा तापक्रम घट्न जाने तथा कैयौं दिनसम्म बाक्लो कुहिरो लाग्ने गर्छ। शीतलहरका समयमा हुने अत्यधिक चिसोबाट विपन्न वर्गका व्यक्तिहरू, पशुपन्छी र हिउँदे खेतीबाली बढी प्रभावित हुने गरेका छन्। शीतलहरको समयमा वृद्धवृद्धा, बालबालिका, सुत्केरी, गर्भवती, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगीहरूलाई चिसो तथा प्रतिकूल वातावरणबाट बचाउन विशेष हेरचाह र संरक्षणको आवश्यकता पर्दछ।

शीतलहरको समयमा प्रभावित हुने भौगोलिक क्षेत्र तथा समुदायमा प्रकोपको असर तथा विपद् जोखिमका साथै जनजीवनमा पर्ने प्रतिकूल प्रभाव कम गर्न आवश्यक पूर्वतयारीका लागि यो कार्ययोजना तयार गरिएको हो। पूर्वतयारी गर्दा शीतलहरको असर कम गर्नको लागि आवश्यक पर्ने राहतका सामग्रीहरूको समेत अग्रीम व्यवस्था गर्नुपर्ने छ। यस कार्ययोजनालाई आधार मानेर शीतलहरबाट प्रभावित हुने सबै प्रदेश, जिल्ला र स्थानीय तहबाट स्थानीय परिवेश अनुसारको योजना बनाई कार्यान्वयन गरिनेछ।

## २. कार्ययोजनाको उद्देश्य

शीतलहर पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ को प्रमुख उद्देश्य सबै सरोकारवालाको समन्वय, सहकार्य र सहभागितामा शीतलहरबाट हुन सक्ने सम्भावित क्षति र प्रभाव न्यूनीकरण गर्नु रहेको छ। अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:-

(क) विपद्को अवस्थामा प्रभावितहरूको जनधनको सुरक्षा तथा मानवीय सहयोगका लागि पूर्वतयारी तथा प्रतिकार्य गर्नु,

(ख) सीमित स्रोतसाधनको अधिकतम उपयोग गरी पूर्वतयारी तथा प्रतिकार्यलाई शीघ्र एवं प्रभावकारी बनाउनु,

(ग) आपत्कालीन प्रतिकार्यका लागि सबै तहका सरकार एवं सरोकारवाला निकायहरूको परिचालन एवं समन्वय सुनिश्चित गर्नु,

(घ) चिसोका कारण हुन सक्ने संक्रमण रोक्न स्वास्थ्य मापदण्डको पालना गर्नु, गराउनु।

## ३. प्राथमिकता

क. जोखिम न्यूनीकरण गर्न सरोकारवाला निकायहरूसँग समन्वय, सहकार्य र संचार।



८२।१।८
डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

# विषय-सूची


१. पृष्ठभूमि ............ १

२. कार्ययोजनाको उद्देश्य ............ १

३. प्राथमिकता ............ १

४. शीतलहरबाट प्रभावित हुने प्रदेश तथा जिल्ला ............ २

५. सम्भावित प्रभावहरू ............ २

६. जोखिमका कारणहरू ............ ३

७. जोखिम न्यूनीकरणका उपायहरू ............ ४

८. शीतलहर पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना ............ ६

९. अनुगमन तथा मूल्याङ्कन ............ १२


नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय

ख. शीतलहर र चिसोका लागि आवश्यक राहत सामग्री तथा वित्तीय स्रोतको व्यवस्थापन।

ग. अद्यावधिक मौसम पूर्वानुमान र पूर्वसूचनाको समयमै प्रभावकारी सूचना संप्रेषण।

घ. जोखिम न्यूनीकरणका सुझाव तथा निर्देशनको प्रभावकारी कार्यान्वयन।

ङ. जोखिम न्यूनीकरणका लागि सचेतना अभिवृद्धि।

च. प्रभावित हुन सक्ने क्षेत्रको नक्साङ्कन र प्राथमिकीकरण।

छ. जेष्ठ नागरिक, बालबालिका, दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिला लगायतका संकटासन्न समूहलाई विशेष हेरचाह तथा संरक्षण।

ज. शीतलहरबाट पशुपन्छी तथा खेतीबालीमा हुन सक्ने क्षति न्यूनीकरण।

झ. आपत्कालीन खोज तथा उद्धार।

## ४. शीतलहरबाट प्रभावित हुने प्रदेश तथा जिल्ला

| क्र.सं. | प्रदेश | प्रभावित हुने जिल्लाहरू | |
|---|---|---|---|
| | | बढी प्रभाव | कम प्रभाव |
| १. | कोशी | झापा, सुनसरी, मोरङ | उदयपुर |
| २. | मधेश | ससरी, सिरहा, धनुषा, सर्लाही, महोत्तरी, रौतहट, बारा, पर्सा | - |
| ३. | बागमती | चितवन | मकवानपुर, सिन्धुली |
| ४. | गण्डकी | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | - |
| ५. | लुम्बिनी | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया | - |
| ६. | कर्णाली | - | सुर्खेत |
| ७. | सुदूरपश्चिम | कैलाली, कञ्चनपुर | - |

## ५. सम्भावित प्रभावहरू

(क) **जनस्वास्थ्यमा पर्नसक्ने असर:**

- अत्यधिक चिसोका कारण निमोनिया र श्वासप्रश्वास सम्वन्धी समस्याहरू उत्पन्न हुनसक्ने। पहिलेदेखि यस्तो समस्या भएका नागरिकलाई थप समस्या हुनसक्ने।
- बालबालिका, वृद्धवृद्धा, दीर्घ रोगको औषधी सेवन गरिरहेका व्यक्तिहरू र कमजोर स्वास्थ्य अवस्थाका व्यक्तिमा थप जटिलता उत्पन्न हुनसक्ने।
- अत्यधिक चिसो हुँदा स्वास्थ्यमा पर्याप्त ध्यान नदिँदा हाइपोथर्मिया भई मृत्यु समेत हुनसक्ने।

(ख) **आर्थिक असर:**



इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

- तरकारी तथा फलफूल खेतीमा क्षति पुग्न सक्ने।
- दैनिक ज्यालादारीमा निर्भर मजदुरहरूको काम प्रभावित भई गुजारा चलाउन कठिनाइ हुन सक्ने।
- पशुपन्छी बिरामी हुने वा मर्न सक्ने।
- सवारी दुर्घटनाका कारण मानवीय तथा आर्थिक क्षति हुनसक्ने।

(ग) **जनजीवन प्रभावित हुनसक्ने:**

- हिड्डुल तथा काम गर्न कठिनाइ हुन सक्ने।
- विद्यालय बन्द गर्नुपर्ने अवस्था आउन सक्ने।
- यातायात र हवाई सेवामा अवरोध हुन सक्ने।
- स्वास्थ्य संस्थाहरू सञ्चालनमा कठिनाइ हुन सक्ने।
- दूरसञ्चार प्रणाली अवरुद्ध हुन सक्ने।
- हिटर, एसी लगायतका उपकरण चलाउन बिजुलीको अत्यधिक माग हुँदा कटौती हुन सक्ने।
- सार्वजनिक सेवा प्रवाहमा प्रतिकूल प्रभाव पर्न सक्ने।
- उद्योग कलकारखाना तथा व्यापार व्यवसायमा प्रतिकूल असर पर्न सक्ने।

(घ) **दुर्घटनाको जोखिम बढ्ने:**

- कोठा न्यानो बनाउन आगो, मकल, हिटर, ग्यास आदि बाल्दा निसास्सिएर घाइते तथा मृत्यु समेत हुन सक्ने।
- आगो ताप्दा कपडामा आगो सल्किएर जलन हुन सक्ने।
- बाक्लो हुस्सु कुहिरोको कारण कम दृश्यक्षमता (Poor visibility) हुँदा याताययात तथा आवागमनमा असर पर्ने साथै सडक दुर्घटनाका घटना बढ्न सक्ने तथा हवाई उडान प्रभावित हुने।

## ६. जोखिमका कारणहरू

(क) **भौगोलिक अवस्था:**

- तराईमा हुस्सु तथा बाक्लो कुहिरो लाग्ने एवं चिसो हावा चल्ने।

(ख) **विपन्नता:**

- शीतलहर हुने क्षेत्रमा उल्लेख्य संख्यामा गरिबीको रेखामुनी रहेको जनसंख्या हुनु।
- न्यानो कपडा, सुरक्षित आश्रयको अभाव र प्रभावकारी आपत्कालीन राहत सेवाको कमी हुनु।
- सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन नहुनु।

(ग) **जीवनशैली**

- हावापानी तथा मौसममा निर्भर खेती तथा पशुपालन।
- शीतलहरको प्रभाव कम गर्न अनुकूलित भौतिक पूर्वाधार (घर, भवन, पशु गोठ, पन्छी फार्म हाउस, कृषि फार्म आदि) र प्रविधि (बिऊ, जाति, प्रजाति, उपकरण आदि) को कमी।



इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

- शीतलहरको समयमा यातायात तथा सडक सञ्चालनमा आवश्यक पूर्वाधार तथा प्रभावकारी नियमन नहुनु।
- शीतलहर सङ्कटासन्न समुदायमा लगाउने कपडा तथा सुत्दा प्रयोग हुने सिरक-डस्ना जस्ता न्यानो कपडाको प्रयोग गर्ने अभ्यासको कमी हुनु।
- जनचेतनाको कमी हुनु।
- चिसोको असर कम हुन्छ भन्ने भ्रम र कुलतजन्य सोचले मादक पदार्थ सेवन गर्ने गलत प्रवृत्ति।

## ७. जोखिम न्यूनीकरणका उपायहरू

- प्रभावित/जोखिम क्षेत्र र समुदायको पहिचान र प्राथमिकीकरण गर्ने।
- शीतलहरको पूर्वानुमानलाई थप भरपर्दो बनाउने।
- पूर्वसूचनाको समयमै सञ्चार गर्ने। पूर्वसूचनामा तल्लो तहसम्मको पहुँच स्थापित गर्ने।
- प्रदेश र स्थानीय तहले स्थानीय परिवेश अनुसारको शीतलहर पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।
- शीतलहरबाट प्रभावितका लागि राहत वितरणको योजना बनाउने र तत्काल परिचालन हुने गरी संयन्त्र गठन गर्ने।
- वडा, टोल र समुदायस्तरसम्म शीतलहरबाट बच्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
- सामुदायिक तथा साझेदारी वनहरूले शीतलहरबाट प्रभावित हुन सक्ने घरधुरीलाई न्यानोका लागि अन्य कुनै उपयुक्त विकल्प नभएको अवस्थामा वायु प्रदूषण समेतलाई मध्येनजर गरी दाउरा उपलब्ध गराउने र सो कार्यमा सम्बन्धित वन कार्यालयहरूले आवश्यक सहजीकरण गर्ने।
- प्रभावित क्षेत्रमा क्रियाशील गैरसरकारी संघसंस्थाले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी कार्ययोजना कार्यान्वयनमा सहयोग गर्ने।
- स्थानीय तह तथा सम्बद्ध संघसंस्था, व्यक्ति लगायतले स्थानीय तह, वडा तथा समुदायसँग समन्वय गरी आफै व्यवस्था गर्न नसक्ने संवेदनशील समूहलाई समयमै न्यानो कपडा वितरण गर्ने।
- शीतलहरको असरबाट बच्न अपनाउनुपर्ने उपायहरू सहितका निम्नानुसारका सन्देशमूलक सूचना सामग्रीहरू स्थानीय भाषामा समेत तयार गरी विभिन्न उपयुक्त सञ्चार माध्यमबाट प्रसारण गर्ने व्यवस्था मिलाउने।
    - ➢ जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं।
    - ➢ शीतलहरको समयमा घर बाहिर तथा खुल्ला स्थानमा धेरै समय नबिताऔं।
    - ➢ शरीरको सबै भाग ढाक्ने गरी सफा, बाक्लो र न्यानो लुगा लगाऔं।
    - ➢ सुत्दा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने कपडा प्रयोग गरौं, छाती तथा टाउको अनिवार्य रूपमा ढाकौं।



इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

- चिसोको समयमा आगो तापेर वा विद्युतीय उपकरण प्रयोग गरी शरीरलाई न्यानो राखौं। खासगरी, छाती र टाउकोलाई चिसोबाट जोगाऔं।
- बेलाबेलामा तातो पानी, पोषिलो तातो झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं।
- चिसो मौसममा इन्फ्लुएन्जा, निमोनिया लगायतका संक्रमण बढी हुने हुँदा स्वास्थ्य सुरक्षाको लागि विशेष ध्यान दिउँ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरूको हेरचाहमा विशेष ध्यान दिउँ।
- ज्वरो आए, झाडापखाला लागे, दम बढे, खोकी लागे, घ्यारघ्यार भए, सास फेर्न कठिन हुने आदि लक्षण देखिए तत्काल स्वास्थ्यकर्मी सँग सम्पर्क गरौं।
- घरेलु पशुपन्छीलाई सकेसम्म खुल्ला स्थानमा नराखौं तथा चराउन नलैजाऔं। गोठ भित्र राखेर पर्याप्त घाँस, पराल र दाना दिऔं। गोठ अथवा टहरालाई सफा र न्यानो गराऔं।
- चिसोका कारण पशुपन्छी बिरामी भएमा नजिकैको पशु चिकित्सालय, स्थानीय तहको पशु सेवा शाखा वा उपयुक्त पशु चिकित्सकसँग सम्पर्क गरी आवश्यक चेकजाँच र औषधोपचार गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा वा तातो बनाउने हिटर जस्ता विद्युतीय उपकरणहरू प्रयोग गर्दा झ्याल ढोका खुला राखी पर्याप्त अक्सिजन आवतजावत हुने कुरा सुनिश्चित गरौं। आगो वा विद्युतीय सामग्री लामो समय प्रयोग नगरौं।
- सुत्नु अघि अनिवार्यरूपमा आगो निभाएर तथा विद्युतीय हिटर आदि अफ गरौं ।
- शीतलहरको समयमा हुस्सु वा कुहिरो लागेको अवधिमा सवारी साधन चलाउँदा गति सीमित गरौं । अनिवार्यरूपमा फग लाईट बालेर चलाऔं । आवश्यक परे हेडलाइट बालौं र हर्न समेत बजाऔं ।
- चिसो वा भिजेको कपडा नलगाउँ। चिसो कपडाले शरिरको तापक्रम झन् छिटो घटाउँछ।

२।१६

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

## ८. शीतलहर पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शीतलहरबाट प्रभावित हुने क्षेत्र तथा लक्षित वर्गको पहिचान गरी तथ्याङ्क अद्यावधिक एवं लाभग्राहीको प्राथमिकता निर्धारण गर्ने। | १. प्रभावित हुने सम्भाव्य जिल्ला तथा जिल्ला अन्तर्गतका बस्ती, समुदाय र लक्षित वर्गको पहिचान गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सुरक्षा निकाय, जल तथा मौसम विज्ञान विभाग, प्रदेश सरकार, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | २०८२ मंसिर १५ गतेभित्र | |
| | | २. तत्काल राहत उपलब्ध गराउनु पर्ने जनसंख्याको तथ्याङ्क सङ्कलन तथा विवरण अद्यावधिक गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | | |
| | | ३. जेष्ठ नागरिक, बालबालिका, दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिला लगायतका संकटासन्न समूहको संवेदनशीलताका आधारमा लाभग्राहीको प्राथमिकता निर्धारण गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | | |



इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | शीतलहरका कारण उत्पन्न हुन सक्ने विपद् प्रतिकार्यका लागि पूर्वानुमान अनुसार पूर्वतयारी तथा पूर्वकार्य गरी क्षति न्यूनीकरण गर्ने। | १. शीतलहरको जोखिमबारे बहुभाषामा श्रव्यदृश्य सामग्री उत्पादन एवं सचेतनामूलक कार्यक्रम गरी विद्यालय, समुदाय र आम संचारमाध्यम, सामाजिक सञ्जाल इत्यादि मार्फत जनचेतना अभिवृद्धि गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सुरक्षा निकाय, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, सबै Leads & Co-leads | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, सञ्चार जगत | शीतलहर शुरु हुनु अगावै | |
| | | २. पहिचान गरिएका र संकटासन्नताका आधारमा प्राथमिकीकरण भएका शीतलहरबाट प्रभावित हुने संकटासन्न समुदायलाई न्यानो कपडा, कम्बल, दाउरा लगायतका राहत सामग्री वितरण गर्ने। | प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, सम्बद्ध Leads & Co-leads | सुरक्षा निकाय, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, निजी क्षेत्र | शीतलहर शुरु हुनु अगावै | |
| | | ३. शीतलहरका कारण उत्पन्न सक्ने स्वास्थ्य जटिलतालाई मध्यनजर गरी बढी प्रभाव पर्न सक्ने क्षेत्र र समुदायमा रहेका स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधी उपकरण र जनशक्ति आपूर्तिको सुनिश्चितता गर्ने, आवश्यकता अनुसार स्वास्थ्य शिविर र Telemedicine सेवा सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्तर्गतका स्वास्थ्य संस्थाहरू, प्रदेश सरकार, स्थानीय तह | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, सञ्चार माध्यमहरू, नागरिक समाज | नियमित | |
| | | ४. शीतलहरको समयमा सडक दुर्घटनाको जोखिम कम गर्न सवारी चालक तथा आम समुदायलाई सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | यातायात कार्यालय, ट्राफिक प्रहरी, संघसंस्था तथा निकाय | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, सञ्चार माध्यमहरू, नागरिक समाज | नियमित | |



डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

| क.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ५. सवारी साधनमा फग लाईट तथा अन्य आवश्यक पार्ट पुर्जाहरू दुरुस्त रहे नरहेको चेकजाँच गर्ने तथा नियमनलाई थप प्रभावकारी बनाउने। | यातायात कार्यालय, ट्राफिक प्रहरी, नगर प्रहरी | सवारी चालकहरू, यातायात व्यवसायी कम्पनीहरू, सञ्चार माध्यमहरू, नागरिक समाज | नियमित | |
| | | ६. यातायात व्यवसायी संघ तथा सम्बद्ध कम्पनीहरू, सवारी चालक संघ लगायतका पेशागत संघसंस्था एवं निकायसँग बैठक तथा समन्वय गरी शीतलहरको समयमा दुर्घटनाको जोखिम कम गर्नका लागि आवश्यक पूर्वतयारी गर्न, गराउन पहल गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी, प्रदेश तथा स्थानीय तह | यातायात व्यवसायी तथा सवारी चालक संघसंस्थाहरू | मंसिर देखि आवश्यकता अनुसार | |
| | | ७. शीतलहरबाट प्रभावितलाई मनोसामाजिक परामर्श, स्वास्थ्योपचार लगायतको सहयोगका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, सबै Leads & Co-leads | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | नियमित | |
| ३ | पूर्वानुमान तथा पूर्वसूचना सम्बन्धी संयन्त्रलाई थप प्रभावकारी बनाई सही सूचना समयमै सही | १. एस.एम.एस., रेडियो, टिभि, सामाजिक सञ्जाल (फेसबुक, भाइबर, व्हाट्सएप, ट्वीटर आदि), समाचार पोर्टल लगायतका विभिन्न सञ्चार माध्यमबाट शीतलहर सम्बन्धी पूर्वसूचना र परामर्श नियमित सम्प्रेषण गर्ने। | जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह | प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त | मंसिर देखि जोखिम अवधिभर नियमित | |



इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | तरिकाले सम्बन्धित व्यक्ति/समुदायले पाउने व्यवस्था मिलाउने। | | | राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, संचार जगत | | |
| | | २. अन्तर सरकारी सूचना सञ्जाल मार्फत शीतलहरको पूर्वानुमान तथा पूर्वसूचना सरोकारवाला सबै निकायले प्राप्त गरी आ-आफ्नो संयन्त्रबाट प्रभावकारी सम्प्रेषण गर्ने व्यवस्था मिलाउने। | जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, संचार जगत | मंसिर मसान्तभित्र | |
| ४ | सीमित स्रोत साधनको अधिकतम उपयोग हुने गरी राहत सामग्री तथा वित्तीय स्रोतको व्यवस्थापन गर्दै उद्धार तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाउने। | १. जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिका विपद् कोषहरूको न्यूनतम मौज्दात सुनिश्चित गर्ने एवं राहत सामग्रीहरूको मौज्दात (stockpile) अद्यावधिक गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | मंसिर २० गतेभित्र | |
| | | २. विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत संघसंस्थाहरूसँग रहेको वित्तीय स्रोत र राहत सामग्रीहरूको विवरण अद्यावधिक गरी तयारी अवस्थामा राखे। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह, सबै Leads & Co-leads | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज | मंसिर २० गतेभित्र | |
| | | ३. टाउन हल, स्थानीय समुदायमा रहेका सार्वजनिक भवन, मन्दिरको वाचनालय हल, मस्जिदको प्रार्थना हल, विवाह मण्डप आदिमा एसी, हिटर, तातो पानी पिउने सुविधा आदि व्यवस्था गरी सम्बन्धित समुदायका | स्थानीय तह, सम्बन्धित धार्मिक तथा सामाजिक संघसंस्था र समुदाय | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज | शीतलहर शुरु हुनासाथ नसकिएसम्म | |



डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन
सिंहदरबार,

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सङ्कटासन्न मानिसहरूलाई राख्ने व्यवस्था गर्ने। | | | | |
| | | ४. सामाजिक सुरक्षा भत्तालाई जाडोको सामना गर्न सदुपयोग गर्ने गरी सम्बन्धित व्यक्ति तथा परिवारलाई उपलब्ध गराउने। | स्थानीय तह, धार्मिक तथा सामाजिक संघसंस्थाहरू | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज | मंसिर मसान्तभित्र | |
| | | ५. राहत तथा वित्तीय स्रोतको थप आवश्यकताको विवरण सङ्कलन गर्ने एवं सम्बन्धित तहमा राहत तथा वित्तीय स्रोतको हस्तान्तरण गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, सबै Leads & Co-leads | विपद् सम्बद्ध सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | मंसिर मसान्तभित्र | |
| ५ | सम्बन्धित सबै निकायहरूसँगको समन्वय, सहकार्य र सहभागितामा खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने। | १. शीतलहरका कारण दुर्घटनाग्रस्त भएका सवारी हटाउन एवं अवरुद्ध सडक सुचारु गर्न आवश्यक मेसिन तथा उपकरणहरू तयारी हालतमा राख्ने। | सडक विभाग, प्रदेश सरकार, जिल्ला सुरक्षा समिति, स्थानीय तह | सुरक्षा निकाय, निजी क्षेत्र, | शीतलहरअघि र भएपछि | |
| | | २. दमकल तथा अग्निनियन्त्रण मेशिन औजारलाई दुरुस्त गरी तयारी अवस्थामा राख्ने। | स्थानीय तह, सम्बन्धित सुरक्षा निकाय | निजी क्षेत्र | निरन्तर | |
| | | ३. विपद्को बेला सञ्चार अवरुद्ध भएमा तत्कालै आपत्कालीन सञ्चार प्रणाली सुचारु गर्न सक्ने संयन्त्र निर्माण गरी परिचालन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय दूरसञ्चार प्राधिकरण | सञ्चार सह-नेतृत्व (विश्व खाद्य कार्यक्रम), सुरक्षा निकाय, सञ्चार जगत | निरन्तर | |



इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ४. विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड अनुसार खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यलाई समन्वयात्मक एवं एकद्धार प्रणाली मार्फत सञ्चालन गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, सबै Leads & Co-leads | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, सञ्चार जगत, निजी क्षेत्र | तत्काल | |

डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

## ९. अनुगमन तथा मूल्याङ्कन

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस कार्ययोजना कार्यान्वयनको चरणमा आउन सक्ने समस्या वा बाधा व्यवधानको समयमै पहिचान एवं न्यूनीकरण गर्दै कार्यान्वयनलाई उद्देश्योन्मुख तुल्याउनेछ। कार्ययोजनाले निर्दिष्ट गरे बमोजिम जिम्मेवार निकायहरूको पूर्वतयारीका कार्यहरूमा प्राधिकरणले आवश्यक समन्वय, सहजीकरण र नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ। जिम्मेवार तथा सहयोगी निकाय सबैको सहभागितामा शीतलहर पूर्वतयारी तथा प्रतिकार्यको समग्र अवस्थाको नियमित रूपमा समीक्षा तथा लेखाजोखा गरिनेछ।

डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख